कालपृष्ठ दैनिक
KALPRISTHA DAINIK
वर्षः २९, अंकः९४
मंगलबार, १ मंसिर २०८३
(Tuesday, 17 Nov. 2026)
पृष्ठः ४, मूल्यः १०।-

समाचार र विचारको स्वतन्त्र संवाहक

कालपृष्ठ

kalpristhanews.com
राष्ट्रिय दैनिक 'क' वर्गमा सूचीकृत

गाउँघर, कुनाकाप्चा, टोलका
विकास-निर्माण वा जनसमस्या
सम्बन्धित कुनैपनि खबर
सार्वजनिक गर्नु परेमा
हामीलाई जानकारी दिनुहोस् ।
मो.नं.: ९८५११४८३६१, ९८५८०५९५४४

एकल महिलाको लागी पुनः विवाह एक शोक गीत

साबित्री बिश्वकर्मा

बाँके, ३० कात्तिक

"बिवाह खुसीको लागी हुन्छ र परिवारमा खुशीको रौनक भरिन्छ भन्ने सुनेको थिएँ, मैले बिवाह गरेको दिन मान्छे मरेको जस्तो भयो। मेरो परिवारले शोक मनाए।" यो भनाई पाँच महिना अघि बिवाह बन्धनमा बाँधिएकी इन्द्रा थारुको हो। उहाँको लागि बिवाह खुसीको रौनक बन्न सकेन वा बन्न दिइएन।

१० वर्ष अगाडी इन्द्राको पहिलो श्रीमान शारिरीक अस्वस्थताका कारण मृत्युवरण गर्नुभएको थियो।

जम्मा ८ वर्षको छोरासंगै जीवनमा आईपर्ने सामाजिक, आर्थिक, मानसिक र मनोवैज्ञानिक परिस्थितीको सामना एक्लै गर्नुपरेको नमिठो अनुभव उहाँ गहभरी आँशु संगै सुनाउनुहुन्छ। ती आँशुभन्दा पनि बढि बर्षौं देखि गुम्सिएको समाज प्रतिको वितृष्णा जस्तो भान हुन्थ्यो।

समाजमा साहसी एकल महिलाको दर्जा बनाउनु भएकी इन्द्राको दोश्रो विवाहको कुनै योजना रहेको थिएन। उहाँ एकल भएपछि परिवारबाट छुट्टिनु पर्‍यो। उहाँले आफ्नो भागमा परेको जग्गामा एक्लै घर बनाउने आँट गर्नुभयो र बनाउनुभयो। जीविको पार्जनका लागि उहाँले खुद्रा पसल सञ्चालन गर्नुभयो। यहि खुद्रा पसलबाट उहाँले छोरालाई पढाउने घर ब्यवहार चलाउने गर्न थाल्नुभयो। जसमा समाजले र पहिलो श्रीमानको परिवारले पनि उहाँलाई अप्रत्यक्ष रूपमा नै भएपनि सहानुभूती दिइरहेका थिए।

यी सबै बृतान्त लेखिरहनुको अर्थ हो हाम्रो समाजको पुर्वाग्रह कता छ त ? इन्द्राको स्थानमा कुनै एकल पुरुष भएको र सन्तान भएको भए। परिवारले र समाजले केहि महिना मै दोश्रो विवाह गराईदिने थिए। र यस्ता घटना हाम्रो समाजमा भैरहेका पनि छन्।

राप्तिसोनारी गाउँपालिका वडा नं. ३ मा घर भएकी इन्द्राको छोरा अहिले विज्ञान विषय लिएर प्रमाणपत्र तह अध्ययन गरिरहेका छन्। आफ्नो जवानी छोराको हुर्काई, कृषिकार्य, ब्यवसाय र घर ब्यवहारमा लगाउनु भएको इन्द्राको दोश्रो



विवाहको कुनै कल्पना र योजना समेत नरहेको उहाँ बताउनु हुन्छ। उहाँ भन्नु हुन्छ "मैले अब दोश्रो विवाह गर्छु भन्ने सोँचेकै थिएन। अहिले ४२ वर्षको उमेरसम्म त एक्लै सबै गरिरहेकी थिएँ भने छोरा पनि जवान भैसकेको छ अब छोराले पनि मलाई हेरिहाल्छ नी भन्ने थियो।"

कुनै कार्यक्रममा जाँदा उहाँको महिला साथी मार्फत फेरी पनि जीवनसाथी चाहिन्छ है भन्ने कुरा भएको थियो र आफन्तद्वारा एकल पुरुष रहेको पनि जानकारी गराइएको थियो। सुर्खेत घर भएका ४३ वर्षिय सर्वजीत सुनार गैरैलसंग ति महिला साथीले सामाजिक सञ्जालमा जोडिन आग्रह गर्नुभयो। इन्द्राले ती पूरुषसंग कुरा गर्नुभन्दा अगाडी आफ्नो छोरालाई जानकारी गराएको र छोराले पनि सकारात्मक सहमती दिनुभएको थियो। अब इन्द्रालाई पनि अगाडी बढ्नु पर्छ भन्ने लाग्यो र दुवैजनाले संवाद सुरु गरे। आपसी विचार आदान प्रदान र चित्त बुझ्काई भएपछि पारिवारिक रूपमा अगाडी बढ्नुपर्ने भयो। सर्वजीतका लागि त पारिवारिक रूपमा कुनै पनि प्रकारको समस्या भएन।

तर, इन्द्राले जब घरमा कुरा राखिन सुरुमा सासू ससूराले स्वीकृति दिएको भएपनि भोलीपल्टबाट भने विभिन्न प्रकारका बाधाहरू देखाउँदै उनलाई दुःख दिन र बिवाह नगर्न दबाव दिन थालियो। पारिवारिक दबाव आईसकेपछि इन्द्राको अगाडी बलियो खम्बा बनेर उभिए उनका छोरा। उनी भन्छिन् "मैले घर बनाउँदा, हरेक कामकाज गर्दा, सामाजिक लाल्छना सहनुपर्दा घरपट्टिबाट कसैको साथ सहयोग भएन। अहिले मैले जीवनको लागि साथी रोज्दा यस्तो गर्ने भन्ने लाग्यो र हामीले घर परिवारको सहमती बिना नै साधारण बिवाह गर्‍यौं। मेरो माइती पक्षबाट भने सकारात्मक प्रतिक्रिया नै थियो।"

बिवाहको दिन इन्द्राको मन खुसी थिएन। उहाँलाई लागिरहेको थियो घरमा शोक परेको छ वा कोही मान्छे मरेको छ। उहाँलाई त्यो मौनता भित्रको चिच्याहटले

बाँकी ३ पृष्ठमा

बजारमा माग बढेपछि 'थारु आलुखेती' विस्तार गर्दै किसान

कालपृष्ठ समाचारदाता

बर्दिया, ३० कात्तिक

स्वादिलो, लामो समयसम्म भण्डारण गर्न सकिने र बजारमा राम्रो मूल्य पाउने भएपछि बर्दियाका किसान रैथाने आलुखेतीतर्फ आकर्षित हुन थालेका छन्। स्थानीय तहले बीउमा अनुदान दिन थालेपछि यसको खेती विस्तार हुँदै गएको छ।

बढैयाताल गाउँपालिका-६ मैनापोखरका किसान हाकिम थारुले गत वर्ष गाउँपालिकाबाट अनुदानमा प्राप्त बीउबाट राम्रो उत्पादन भएपछि यस वर्ष खेतीको क्षेत्रफल बढाएका छन्। गत वर्ष एक कठ्ठामा खेती गर्दा चार क्विन्टल आलु उत्पादन भएको र स्वाद तथा बजार मूल्य राम्रो पाएपछि यस वर्ष दुई कठ्ठामा खेती गर्न लागेको उनले बताए।

उनले भने, "स्थानीय थारु आलुको स्वाद राम्रो छ। उत्पादन राम्रो भएपछि यस वर्ष खेती विस्तार गरेको हुँ। मैनापोखरका किसान परशुराम थारुले गत वर्ष दुई कठ्ठा क्षेत्रफलमा थारु आलुखेती गरेर सात क्विन्टल उत्पादन गरेका थिए। उत्पादित आलुमध्ये चार क्विन्टल बिक्री गरेर रु २० हजार आम्दानी गर्न सफल भएको उनले जानकारी दिए।

उनले भने, "थारु आलुको बजार राम्रो छ। आलु किन्न ग्राहक घरमै आउने गरेका छन्। त्यसैले यसको खेतीबाट राम्रो आम्दानी गर्न सकिन्छ।" यस वर्ष पनि खेतीलाई निरन्तरता दिएको उनले बताए।

बर्दियाको राजापुर नगरपालिका-८ घर भई नेपालगन्ज बस्दै आउनुभएकी सपना भट्टराईले बजारमा उपलब्ध भएसम्म थारु आलु नै किन्ने गरेको बताइन्।

बाँकी ३ पृष्ठमा

आवश्यकता सम्बन्धी सूचना !सूचना

प्रकाशित मिति : २०८३/०७/१९

यस शिखर ग्रुप अफ इण्डष्ट्रिज अन्तर्गत गणपति डोर एण्ड प्लाईबोर्ड इण्डष्ट्रिज प्रा.लि., कोहलपुर-१४ पार्वतिपुरको लागी तपशिल बमोजिमको कर्मचारी आवश्यकता भएकोले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र निम्नानुसारको योग्यता पुगेका इच्छुक व्यक्तिहरुले तलको ठेगानामा आवेदन पेश गर्न हुन जानकारी गराइन्छ।

क्र.सं	पद	संख्या	कामको जिम्मेवारी	आवश्यक योग्यता	उमेर
०१	ईलेक्ट्रिसियन/मोटर वाईन्डिङ प्राविधिक (Electrician/ Motor winding Tchnician)	१ जना	● ८ औद्योगिक मोटर वाईन्डिङ, मर्मत तथा सर्भिसिङ गर्ने। ● कारखाना मेसिन तथा उपकरणहरूको विद्युतीय मर्मत सम्भार र समस्या समाधान गर्ने। ● थ्री-फेज मोटर, इलेक्ट्रिकल् प्यानल, स्टार्टर तथा वायरिङ सम्बन्धी काम गर्ने। ● नियमित प्रिभेन्टिभ मेन्टेनेन्स गर्ने तथा विद्युतीय समस्या आएमा तत्काल समाधान गर्ने।	● सम्बन्धित क्षेत्रमा कम्तीमा २-३ वर्षको कार्य अनुभव भएकोलाई प्राथमिकता दिनेछ। ● औद्योगिक विद्युतीय प्रणाली तथा मोटर वाइनडिङ सम्बन्धी व्यावहारिक ज्ञान भएको हुनुपर्नेछ। ● उत्पादनमूलक उद्योगमा काम गरेको अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ।	२५ वर्ष पुरा भई ३५ वर्ष ननाघेको

कार्यस्थल : मोर्डन डोर्स एण्ड उड प्रोडक्ट्स प्रा.लि औद्योगिक क्षेत्र, नेपालगंज बाँके
तलब : उम्मेदवारको अनुभव तथा क्षमता अनुसार आपसी सहमतिमा निर्धारण गरिने छ।
आवश्यक पर्ने कागजातहरू
- व्यक्तिगत विवरण (CV)
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी
- शैक्षिक प्रमाण पत्रको प्रतिलिपी
- अनुभवको प्रमाणपत्रको प्रतिलिपी

आवेदन बुझाउने ठेगाना
मोर्डन डोर्स एण्ड उड प्रोडक्ट्स प्रा.लि.
औद्योगिक क्षेत्र, नेपालगंज बाँके

थप जानकारीको लागि सम्पर्क नम्बर ९८०१५४७०१७

अपाङ्गता भएका व्यक्तिलाई अवसर र सम्मान दिऔं

अपाङ्गता भएका व्यक्तिलाई:
- शिक्षा र रोजगारीमा अवसर सुनिश्चित गरौं,
- निर्णय प्रकृयामा सहभागी गराऔं,
- सार्वजनिक संरचनाहरु अपाङ्ग मैत्री बनाऔं।



नेपाल सरकार
विज्ञापन बोर्ड

मेशिन द्वारा
शिलालेख, ताम्रपत्र
Laxmi Media Printers Nepalgunj
लक्ष्मी मिडिया प्रिन्टर्स
वि.पी. चोक, नेपालगंज । फोन नं.: 081-535860, 537486, 9858046254, 9858023860

प्रधानमन्त्रीको आसन्न भारत भ्रमण



रामजी दाहाल

नेपाल र भारतबिच ऐतिहासिक, सांस्कृतिक र आर्थिक रूपमा गहिरो सम्बन्ध रहे पनि कतिपय राजनीतिक, सीमा, जलस्रोत तथा व्यापारिक मुद्दाहरू दसकौंदेखि थाती छन् । प्रधानमन्त्रीको भ्रमणको प्राथमिकतामा लामो समयदेखि थाती रहेका सीमापार डिजिटल भुक्तानी, पञ्चेश्वर परियोजनाको डिपिआर तथा कालापानी, सुस्तालगायतका विषय छन् । यस्ता विषयलाई दुवै मुलुकका अधिकारीले गम्भीरतापूर्वक छलफल गरी दीर्घकालीन समाधानको बाटो पहिल्याउनुमा नै दुवै मुलुकको हित हुने छ ।

प्रधानमन्त्री वालेन्द्र शाह दक्षिणी छिमेकी भारतको औपचारिक भ्रमणका लागि नयाँ दिल्ली प्रस्थान गर्नु एक साताअघि उहाँको दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को एउटा टोली उत्तरी छिमेकी चीनको १० दिने भ्रमणमा निस्केको छ। चिनियाँ कम्युनिस्ट पार्टी (सिपिपी) को निम्तोमा रास्वपाको टोली त्यसतर्फ प्रस्थान गरेको हो। प्रधानमन्त्री शाहको भारत भ्रमणको पूर्वसन्ध्यामा रास्वपाका नेताहरूको चीन भ्रमण एउटा संयोग मात्र पनि हुन सक्छ। त्यसैले हुन सक्छ, प्रधानमन्त्री शाहले चीन जान लागेका नेताहरूलाई चीन भ्रमणलाई औपचारिक भेटघाट र पर्यटकीय गतिविधिमा मात्र सीमित नगरी दुई देशको पारस्परिक हित तथा विशेष गरी नेपालको विकास र समृद्धिमा योगदान पुऱ्याउने अवसरका रूपमा उपयोग गर्न निर्देशन दिनुभयो। रास्वपाको टोली चीनमा रहेकै बेला प्रधानमन्त्री शाह भारतीय समकक्षी नरेन्द्र मोदीको निम्तोमा तीनदिने भारत भ्रमणका लागि मङ्सिर पहिलो साता नयाँदिल्ली प्रस्थान गर्दै हुनुहुन्छ। १३ चैत २०८२ मा प्रधानमन्त्री नियुक्त हुनभएका शाहले यसअघि गत महिना संयुक्त राष्ट्रसङ्घको महासभालाई न्युयोर्कमा सम्बोधन गर्नुभएको थियो। प्रधानमन्त्री नियुक्त भएलगत्तै भारतीय पक्षले पहिलो औपचारिक भ्रमण आफ्नो देशमा गराउन चाहेको थियो। नेपालका प्रधानमन्त्रीको पहिलो औपचारिक भ्रमण भारतबाहेक अन्यत्र नहोस् भन्ने भारतको सर्धैंको चाहना हुने गरेको छ तर शाह प्रधानमन्त्री नियुक्त हुनुभएको आठ महिनासम्म पनि भारत भ्रमणको टुङ्गो लाग्न नसकेको सन्दर्भमा भारतीय विदेश सचिव विक्रम मिश्रीले कात्तिक १८ गते काठमाडौँस्थित त्रिभुवन विमानस्थल ओर्लिएलगत्तै कूटनीतिक भेटघाट र सक्रियता बढाउनुभएको थियो।

विदेश सचिव मिश्रीले प्रधानमन्त्री शाहको दुईदिने भारत भ्रमणको तयारी र कार्यसूचीमाथि नेपाली अधिकारीहरूसँग गम्भीर छलफल गर्नुभएपछि प्रधानमन्त्री शाहको भ्रमणको टुङ्गो लागेको हो। नयाँ दिल्लीबाट प्रकाशित प्रमुख पत्रपत्रिका, त्यहाँका टेलिभिजन च्यानल र अनलाइन पोर्टलहरूले पनि प्रधानमन्त्री बनेपछिको शाहको आसन्न भ्रमणको विषयलाई विशेष महत्वका साथ स्थान दिएका छन्। लामो समयदेखि दुई छिमेकीका बिच उच्चस्तरीय भ्रमण हुन नसकिरहेको सन्दर्भमा कूटनीतिक दृष्टिले प्रधानमन्त्री शाहको भ्रमण आफैंमा महत्वपूर्ण मानिएको छ। त्यसका अतिरिक्त यो भ्रमणले दुई देशबिचको बहुआयामिक साझेदारीलाई थप सुदृढ बनाउने विश्वास गरिएको छ। हुन त प्रधानमन्त्रीको तहबाट हुने एउटै भ्रमणले दुई देशबिच थाती रहेका सबै समस्याको निरूपण भई नै हाल्छ भन्न सकिँदैन। व्यावहारिक रूपमा पनि सम्भव हुँदैन। तर पनि दुई देशका अधिकारीबिच विभिन्न तहमा हुने द्विपक्षीय भेटघाट र छलफलले सम्भावनाका ढोका खोल्न भने पक्कै पनि सहयोग पुग्ने छ। त्यसैले पनि हुनु पर्छ, प्रधानमन्त्री शाहको भ्रमणअघि सरकारको नेतृत्व गरिरहेको राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने, परराष्ट्रमन्त्री शिशिर खनाल, अर्थमन्त्री डा. स्वर्णिम वाग्ले र गृहमन्त्री सुधन गुरुङ नयाँ दिल्ली पुगिसक्नुभएको छ। त्यसबाट सम्बन्धका आयाम फराकिलो बन्दै गएको छ। यसबाट पारस्परिक विश्वासमा वृद्धि भइरहेको छ। नेपालमा जेनजी विद्रोहपछि गठन भएको सरकार र सरकारको नेतृत्व गरेको दल रास्वपासँग मिलेर काम गर्न चाहेको स्पष्ट हुँदै गएको छ।

नेपाल र भारतबिच खुला सिमानाका कारण नेपालसँग भारतको सुरक्षा वा प्रतिरक्षा चासो रहँदै आएको छ। अनि खुला सिमानाका विषयमा भारत नेपालबाट थप विश्वासको वातावरण चाहन्छ। खुला सिमानाका कारण आफ्नो भूमिमा कुनै अप्रिय गतिविधि हुन सक्छ कि भनेर भारत जहिले पनि सशङ्कित रहँदै आएको छ। अर्कातिर हिजोका दिनमा जसरी भारतलाई असल छिमेकीका रूपमा हेर्रिंदै आएको थियो, एक दशकअघिको नाकाबन्दीपछि नेपालीहरूले आशङ्काका रूपमा हेर्ने गरेका छन्। यसरी एकअर्कामा रहेको विश्वासको सङ्कटलाई पाँच वर्षअघि नेपाल कम्युनिस्ट पार्टी (नेकपा) एमालेका अध्यक्ष केपी ओली प्रधानमन्त्री भएका बेला नेपालले लिम्पियाधुरा समेटेर जारी गरेको चुच्चे नक्साको विषय थाती नै छ र यसलाई उच्च कूटनीतिक माध्यमबाट सुल्झाउनु परेको छ। प्रधानमन्त्री शाहको आसन्न भारत भ्रमणले दुई देशबिच व्याप्त आशङ्काहरू मेटाउँदै थप विश्वासको वातावरण बनाउने अपेक्षा गर्न सकिन्छ।

भ्रमणको कार्यसूची

नेपालको अर्थतन्त्र सबल बन्न सकेको छैन। भारतसित ठुलो व्यापार घाटा छ। प्रधानमन्त्रीको भारत भ्रमणबाट नेपालले द्विपक्षीय आर्थिक सम्बन्ध सुदृढ पार्नुका साथै कतिपय विकास साझेदारीको आयाम फराकिलो पार्ने अपेक्षा पनि राखेको छ। प्रधानमन्त्री शाहको आसन्न भारत भ्रमणका क्रममा नेपालले दुई अर्ब अमेरिकी डलर बराबरको आर्थिक सहायतासहित विभिन्न प्रस्ताव गृहकार्यमा छ; जसमा एक अर्ब डलर अनुदान र एक अर्ब डलर सहुलियतपूर्ण ऋणको प्रस्ताव गरिएको छ। अनुदानमा मागिएको एक अर्ब डलरमध्ये ५० करोड डलरबाट बुटवल-पोखरा द्रुतमार्ग (एक्सप्रेस वे) निर्माणको प्रस्ताव गरिएको छ। प्रस्तावित द्रुतमार्गबाट भारतीय सीमादेखि पोखरासम्म करिब दुई घण्टामा पुग्न सकिने सरकारी अधिकारीहरूको भनाइ छ। यसबाट भारतीय पर्यटकलाई पोखरा मात्र नभई मुक्तिनाथ जाने सहज बाटो खुल्ने छ। मुक्तिनाथ संसारभरका हिन्दुका लागि आस्थाको केन्द्र मानिन्छ। यसबाट धार्मिक पर्यटन प्रवर्धनमा उल्लेख्य योगदान पुग्ने अपेक्षा गरिएको छ। यसै गरी अनुदानमा मागिएको थप ५० करोड डलर भदौ अन्तिम साता भोटेकोशी बाढीबाट क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माण तथा पुनर्स्थापनामा खर्च गर्ने प्रस्ताव गरिएको छ। यसै गरी सहुलियतपूर्ण ऋणका रूपमा मागिएको एक अर्ब डलर विभिन्न जलविद्युत् आयोजना तथा विद्युत् प्रसारण लाइन निर्माणमा उपयोग गर्ने प्रस्ताव गरिएको छ।

जनकपुर-अयोध्या रेल सञ्चालनदेखि निजगढसम्म विस्तार प्रधानमन्त्री शाहको भारत भ्रमणको अर्को महत्वपूर्ण कार्यसूची रहेको छ। नेपालले भारतको अयोध्याबाट जनकपुरसम्म सिधा रेलसेवा सञ्चालन गर्ने प्रस्ताव गरेको छ। यसबाट जनकपुर र अयोध्याबिच सिधा रेल सम्पर्क स्थापित हुँदा जनकपुरको धार्मिक पर्यटन प्रवर्धनमा टेवा पुग्ने अपेक्षा गरिएको छ। त्यस्तै जनकपुरबाट बर्दीबास हुँदै निजगढ र रक्सौलबाट वीरगन्ज, पथलैया हुँदै निजगढसम्म रेलवे लाइन निर्माणको प्रस्ताव पनि गरिएको छ। द्रुतमार्ग र रेलसेवासँगै नेपालले भारतसँग हवाई सम्पर्क विस्तारका विषयलाई पनि भ्रमणका क्रममा प्राथमिकताको विषय बनाएको छ। हवाई प्रवेशमार्गको विषयलाई नेपालले लामो समयदेखि भारतसँग प्रस्ताव गर्दै आएको भए पनि भारतले सुरक्षा चासो र हवाई ट्राफिक व्यवस्थापनको कारण देखाउँदै ती मार्ग उपलब्ध गराएको छैन। पोखरा र भैरहवामा नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालन हुन नसक्नुको मुख्य कारण यही नै हो। हवाई यातायातसम्बन्धी दोस्रो कार्यसूची नेपालका प्रमुख सहर र भारतका विभिन्न सहरबिच सिधा हवाई सेवा सञ्चालन गर्ने रहेको छ। यस अन्तर्गत भैरहवा-कुशीनगर, पोखरा-वाराणसी, नेपालगन्ज-दिल्ली जस्ता सम्भावित उडान रहेका छन्।

नेपालले तेस्रो मुलुकसँगको व्यापारका लागि अहिले कोलकाता, हल्दिया र विशाखापट्टनम बन्दरगाह प्रयोग गर्दै आएको छ। भ्रमणका क्रममा गुजरात र उडिसा बन्दरगाह प्रयोग गर्ने प्रस्ताव गरिएको छ। रक्सौलदेखि अमलेखगन्जसम्म सञ्चालनमा रहेको पेट्रोलियम पाइपलाइनलाई चितवनको भण्डारासम्म विस्तारको प्रस्ताव गरिएको छ। यसो हुँदा नेपालमा पेट्रोलियम ढुवानी लागत घट्नुका साथै आपूर्ति थप व्यवस्थित हुन जाने छ। प्रधानमन्त्री शाहको भ्रमणका क्रममा भारतसँगको वाणिज्य सन्धि पुनरवलोकन, तेस्रो मुलुक व्यापारका लागि थप दुई वटा भारतीय बन्दरगाह प्रयोग गर्ने सुविधा, पेट्रोलियम तथा ग्यास पाइपलाइन निर्माण, भारतका केही प्रतिष्ठित शैक्षिक संस्थाका शाखा स्थापना र आर्टिफिसियल इन्टेलिजेन्स (एआई) मा सहकार्यका प्रस्ताव पनि अघि सारिएका छन्।

नेपाल र भारतबिच ऐतिहासिक, सांस्कृतिक र आर्थिक रूपमा गहिरो सम्बन्ध रहे पनि कतिपय राजनीतिक, सीमा, जलस्रोत तथा व्यापारिक मुद्दाहरू दसकौंदेखि थाती छन्। प्रधानमन्त्रीको भ्रमणको प्राथमिकतामा लामो समयदेखि थाती रहेका सीमापार डिजिटल भुक्तानी, पञ्चेश्वर परियोजनाको डिपिआर तथा कालापानी, सुस्तालगायतका विषय छन्। यस्ता विषयलाई दुवै मुलुकका अधिकारीले गम्भीरतापूर्वक छलफल गरी दीर्घकालीन समाधानको बाटो पहिल्याउनुमा नै दुवै मुलुकको हित हुने छ। त्यसका लागि दुई मुलुकका अधिकारीबिच विभिन्न तहमा हुने कूटनीतिक पहल नै अन्ततः निकासको बाटो हुने छ। प्रधानमन्त्री शाहको भारत भ्रमणबाट त्यसको अपेक्षा गर्न सकिन्छ।-गोरखापत्र

स्वास्थ्य

हिउँदयामको प्रदूषणबाट घाँटीमा समस्या : राहत दिने प्रभावकारी घरेलु उपाय



हिउँदयाम सुरु भएसँगै वायु प्रदूषणको समस्या तीव्र रूपमा बढ्न थाल्छ।

हावामा रहेका धुलोका कण र प्रदूषक तत्त्वहरूको सम्पर्कमा आउनाले धेरैजसो मानिसलाई घाँटी सुक्खा हुने, खसखसाउने, खोकी लाग्ने तथा पोल्ने समस्या हुन सक्छ।

यस्तो अवस्थामा भान्सामा उपलब्ध केही घरेलु सामग्रीले घाँटीलाई राहत दिन मद्दत पुऱ्याउँछन्। 'बेसार मिसाइएको दुध', 'अदुवा', 'तुलसी' र 'सख्खर' (गुँड) जस्ता वस्तुहरू लामो समयदेखि घरेलु उपचारका रूपमा प्रयोग गरिँदै आइएका छन्।

तर, यी उपायहरूले केवल अस्थायी राहत मात्र दिन्छन् र यिनलाई प्रदूषणको असर पूर्ण रूपमा मेटाउने वा श्वासप्रश्वाससम्बन्धी रोगको मुख्य उपचार मान्न सकिँदैन भन्ने कुरामा ध्यान दिनुपर्छ।

१. बेसारपानी र बेसार मिसाइएको दुध

हाम्रा घरहरूमा बेसारको प्रयोग परम्परागत कालदेखि नै हुँदै आएको छ। बेसारमा 'कर्क्युमिन' नामक तत्त्व पाइन्छ, जसमा एन्टी-इन्फ्लेमेटरी गुण हुन्छ। घाँटी सुक्खा भएको वा हल्का खसखसाएको महसुस भएमा एक कप तातो दुधमा एक चिम्टी बेसार मिलाएर पिउन सकिन्छ।

दुध नपिउने व्यक्तिहरूले मनतातो पानीमा थोरै बेसार मिसाएर सेवन गर्न सक्छन्। यसले घाँटीलाई न्यानोपन र आराम दिन्छ। यद्यपि, बेसारलाई प्रदूषणबाट निम्तिने समस्याको स्थायी समाधान भने ठान्नुहुँदैन।

२. अदुवा र तुलसी

रुघाखोकीको घरेलु उपचारमा अदुवा र तुलसीको प्रयोग निकै सामान्य हो। अदुवामा पाइने केही विशेष यौगिकहरूमा सुजन कम गर्ने गुण रहन्छ। अदुवाको सानो टुक्रालाई पानीमा उमालेर चियाको रूपमा पिउन सकिन्छ। स्वादका निम्ति यसमा थोरै मह मिसाउन सकिन्छ।

त्यस्तै, तुलसीका केही पातहरूलाई पानीमा उमालेर पिउँदा पनि घाँटीको समस्यामा लाभ मिल्छ। एक वर्षभन्दा कम उमेरका बालबालिकालाई मह खुवाउनुहुँदैन भन्ने तथ्यमा भने विशेष ध्यान पुऱ्याउनुपर्छ।

३. मरिच र ज्वानो

कालो मरिच र ज्वानो पनि परम्परागत घरेलु उपचारका रूपमा प्रयोग हुँदै आएका छन्। मनतातो पानी वा हल्का काँढामा थोरै कुटेको मरिच मिसाएर पिउन सकिन्छ। यस्तै, ज्वानो पानीमा उमालेर मनतातो पिउन सकिन्छ। तातो पानीको बाफ लिँदा पोल्ने जोखिमबाट बच्नुपर्छ र उम्लिरहेको पानीको भाँडोमा अनुहार सिधै नजिक लैजानुहुँदैन।

४. सख्खरको प्रयोगबाट घाँटीलाई आराम

हिउँदयाममा सख्खरको सेवन निकै लोकप्रिय मानिन्छ। घाँटीमा हल्का सुक्खापन देखिँदा सख्खरको सानो टुक्रा मुखमा राखेर बिस्तारै चुस्न सकिन्छ वा मनतातो पानीमा घोलेर पिउन सकिन्छ। कतिपय व्यक्तिहरूले सख्खरसँग अदुवा वा एक चिम्टी बेसार पनि लिने गर्छन्। यसले शरीरलाई न्यानोपन त दिन्छ, तर सख्खरले फोक्सो सफा गर्छ वा प्रदूषणको असर नष्ट गर्छ भन्ने कुनै ठोस वैज्ञानिक प्रमाण छैन। यस्तै, मधुमेहका बिरामीले सख्खरको सेवन सीमित गर्नुपर्छ।

घरेलु उपायसँगै ध्यान दिनुपर्ने थप कुराहरू

स्मग र प्रदूषणको मौसममा केवल घरेलु उपायमा मात्र भर पर्नु बुद्धिमानी हुँदैन। प्रदूषणको स्तर अत्यधिक भएको समयमा अनावश्यक रूपमा बाहिर निस्कनबाट जोगिनुपर्छ। बाहिर निस्कनै परेमा मुख राम्रोसँग छोपिने मास्क लगाउनुपर्छ। पर्याप्त मात्रामा पानी पिउनुपर्छ र घरभित्र धुलो जम्न दिनुहुँदैन।

सरकारी खरिद ढिलाइ हुँदा सस्तोमा धान बेच्दै किसान



कालपृष्ठ समाचारदाता

नेपालगन्ज, ३० कात्तिक

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले धान खरिद प्रक्रिया ढिलो सुरु गर्ने भएपछि बर्दियाका किसान सस्तो मूल्यमा धान बिक्री गर्न बाध्य भएका छन्। हिउँदेबाली लगाउन खेत जोत्ने, मल तथा बीउ खरिद गर्ने र घरायसी खर्च जुटाउनुपर्ने भएपछि किसानले सरकारले तोकेको न्यूनतम समर्थन मूल्यभन्दा निकै कम मूल्यमा धान बिक्री गरिरहेका छन्।

गुलरिया नगरपालिका-१२ भैसाहीका अगुवा किसान जगमोहन थारूले खाद्य व्यवस्था तथा व्यापार कम्पनीले समयमै धान खरिद नगर्दा सस्तो मूल्यमा धान बिक्री गर्नुपरेको बताए। उनले प्रतिक्विन्टल रु दुई हजार ८०० का दरले ३०० क्विन्टल धान बिक्री गरेको जानकारी दिए।

उनले भने, "हिउँदेबाली लगाउन खेत जोत्ने खर्च र घरायसी आवश्यकता पूरा गर्न धान सस्तोमा बिक्री गर्नुपरेको छ।" उनीजस्तै बढैयाताल गाउँपालिका-७ का किसान रामदेव थारूले पनि सस्तो मूल्यमा धान बिक्री गरेका छन्। मल तथा हिउँदेबालीका लागि बीउ खरिद गर्न रकम अभाव भएपछि शनिबार धान बिक्री गरेको उनले बताए।

बर्दियामा अहिले मोटा धान प्रतिक्विन्टल रु दुई हजार ९०० मा बिक्री भइरहेको छ। बढैयाताल गाउँपालिका-५ बढैयागाउँका गल्ला व्यापारी सुरेश थारुले मोटा धान प्रतिक्विन्टल रु दुई हजार ९०० र मसिनो धान रु चार हजारका दरले खरिद गरिरहेको बताए।

बर्दियामा धान खरिद गर्दै आएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, राजापुरले मड्सिर ३ गतेदेखि धान खरिद गर्ने जनाएको छ। गत वर्ष कात्तिक १९ गतेदेखि खरिद सुरु गरेको कम्पनीले यस वर्ष करिब दुई साता ढिलो प्रक्रिया अघि बढाउँदा किसानले आधाभन्दा बढी धान सस्तो मूल्यमा बिक्री गरिसकेको नेपाल किसान महासङ्घका अध्यक्ष बिपी भण्डारीले बताए। किसानको धान समयमै खरिद गर्न कम्पनीलाई दबाब दिँदै आएको उनले जानकारी दिए।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, राजापुरले यस वर्ष बर्दियाबाट ३० हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य राखेको छ। कम्पनीका वरिष्ठ सहायक एवं सूचना अधिकारी चेतमान कठायतले गत वर्षझैं यस वर्ष पनि बर्दियाका लागि ३० हजार क्विन्टल धान खरिद गर्ने अनुमति प्राप्त भएको बताए।

जिल्लाको प्राथमिक खरिद समितिले बीचमा तिहार बिदा परेका कारण मड्सिरको पहिलो सातादेखि धान खरिद गर्ने निर्णय गरेको उनले जानकारी दिए। जिल्लाका आठवटै पालिकाबाट प्रतिपालिका तीन हजार क्विन्टलका दरले धान खरिद गर्ने योजना रहेको कठायतले बताए। उनका अनुसार २४ हजार क्विन्टल धान पालिकामार्फत र बाँकी छ हजार क्विन्टल कम्पनीको आफ्नै परिसरबाट खरिद गरिनेछ।

सरकारले यस वर्ष मोटा धानको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल रु तीन हजार ६६० र मध्यम धानको रु तीन हजार ८६० तोकेको छ। गत वर्ष मोटा धानको समर्थन मूल्य प्रतिक्विन्टल रु तीन हजार ४६३ र मध्यम धानको रु तीन हजार ६२८ तोकिएको थियो।

बर्दियामा ५० हजार एक सय हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएको छ। उक्त क्षेत्रफलबाट दुई लाख २८ हजार ८१ मेट्रिक टन धान उत्पादन हुने गरेको एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयका कृषि प्राविधिक अधिकृत एवं सूचना अधिकारी फिर्तुमान चौधरीले बताए।

बाँकी

एकल ...

चिथोरिरहेको महशुस भएको बताउनुभयो।

उहाँको देवर र अरू ब्यक्तिले सामाजिक सञ्जालमा चरित्रहत्या हुने गरि अभिब्यक्ति दिने, घर परिवारले साँझ बिहान अपशब्द बोलेर गाली बेइज्जती गर्ने, मार्ने सम्मको धम्की दिन थाले। विभिन्न ब्यक्तिको सहयोगमा उहाँले इलाका प्रहरी कार्यालयमा निवेदन दिनुभयो र अब देखि त्यसरी चरित्र हत्या र धम्की नदिने गरी सहमती भयो।

तर समाजका केहि ब्यक्ति भने इन्द्राको पक्षमा थिए केहि थिएनन् पनि। उनलाई एक जमातले सामाजिक बहिष्कार गर्ने उद्देश्यका साथ उनको पसलबाट सामान लिन बन्द गरिदिए, बोल्न छाडिदिए।

यो घटनालाई नजिकै बाट नियाल्नु भएकी छिमेकी पार्वती चौधरीका श्रीमान कोभिड-१९को समयमा मृत्युवरण गर्नु भएको थियो। १९ वर्षको उमेरमा नै एकल हुनुभएकी र एक सन्तान समेत रहेको उहाँलाई पारिवारिक हिंसा समेत सहनु परेको थियो। अहिले भने उहाँ छोराको अध्ययनको लागी कोठा भाडामा लिएर नेपालगन्जमा नै सिलाई कटाई ब्यवसाय गरिरहनु भएको छ।

पार्वती भन्नुहुन्छ "म त भर्खर २६ वर्षकी छु। फेरी जीवनसाथी रोजौँ भनेपनि दिदीले जति सहने हिम्मत ममा छैन। मलाई त इन्द्रा दिदीको घटनाले निकै कमजोर बनाएको छ।"

हाम्रो समाजमा केहि विकसित विचारधारा राख्ने ब्यक्तिहरू पनि छन् जसले आफ्नी एकल बुहारीलाई छोरी जसरी अन्माएर दोश्रो विवाह गराईदिने गरेका छन्। तर इन्द्रा र पार्वती जस्ता धेरै एकल महिला समाजको पुर्वाग्रहले गर्दा सामाजिक, मनोवैज्ञानिक, आत्मिक र पारिवारिक रूपमा नित्तान्त रूपमा एक्लो भएका छन्।

औँलामा गन्न सकिने गरी परिवारको सहमतिमा हुने एकल महिलाका समाचारहरू मुख्य हुन्छन तर इन्द्रा र पार्वती जस्ता धेरै एकल महिलाहरू समाजको पुर्वाग्रहकै कारण जीवनसाथी रोजेर जीवन अगाडी बढाउन सकिरहेका छैनन्। समाजको यो पुर्वाग्रही र परम्परागत विभेदले बिशेष गरी ग्रामीण एकल महिलाको जीवनलाई गौण रूपमा वर्तमानमा बाँच्न दिइरहेको छैन।

बजारमा...

स्वादिलो हुनुका साथै लामो समयसम्म भण्डारण गर्न सकिने भएकाले सिजनमा किनेर वर्षभरि पुग्नेगरी राख्ने गरेको उनको भनाइ छ।

एक दशकअघि लोप हुने अवस्थामा पुगेको थारु आलु बजारमा माग बढ्न थालेपछि पुनः खेती विस्तार र व्यावसायिक उत्पादनतर्फ उन्मुख भएको छ। बर्दियामा उत्पादित आलुको माग स्थानीय बजारका साथै नेपालगन्ज, कोहलपुर, काठमाडौँ र पोखरासम्म हुने गरेको राजापुरका किसान जगत चौधरीले बताए।

आलुको संरक्षण र व्यावसायिक खेती प्रवर्द्धनका लागि जिल्लाका विभिन्न स्थानीय तहले अनुदानमा बीउ वितरण गर्न थालेका छन्। बढैयाताल गाउँपालिकाका विभिन्न वडामा ३० हेक्टर क्षेत्रफलमा तरकारीखेती हुँदै आएकामा पाँच हेक्टरमा थारु आलुखेती हुने गरेको गाउँपालिकाका कृषि प्रसार अधिकृत शरण चौधरीले बताए।

उहाँका अनुसार गाउँपालिकाले गत वर्ष आलुखेती विस्तार गर्ने उद्देश्यले ५० प्रतिशत अनुदानमा १६ क्विन्टल आलुको बीउ वितरण गरेको थियो। चालु आर्थिक वर्षमा आलुखेती विस्तारका लागि रु चार लाख बजेट विनियोजन गरिएको छ। किसानको मागका आधारमा उक्त बजेट थारु आलुखेती प्रवर्द्धनमा खर्च गर्न सकिने उनले जानकारी दिए।

रैथाने बालीका रूपमा रहेको थारु आलु जिल्लाका आठवटै स्थानीय तहमा खेती हुने गरेको एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय बर्दियाका कृषि प्राविधिक अधिकृत फिर्तुमान चौधरीले बताए। उनका अनुसार उत्पादन क्षेत्रफलको एकिन तथ्याङ्क नभए पनि बारबर्दिया, राजापुर र ठाकुरबाबा नगरपालिका तथा बढैयाताल र गेरुवा गाउँपालिकामा यसको खेती बढी हुने गरेको छ।

रैथाने बाली संरक्षणका लागि प्रदेश सरकारले रु चार लाख बजेट विनियोजन गरेको जानकारी दिँदै उनले थारु आलु पनि रैथाने बालीअन्तर्गत पर्ने भएकाले यसको संरक्षण तथा प्रवर्द्धनमा उक्त बजेट खर्च गर्न सकिने बताए।

थारु समुदायमा परम्परागत रूपमा खेती हुँदै आएको आलु स्वादका दृष्टिले अन्य प्रजातिका आलुभन्दा फरक र विशेष मानिन्छ। यसको भण्डारणका लागि शीतभण्डार आवश्यक नपर्ने कृषि प्राविधिक चौधरीले बताए।

प्रकाश नपर्ने ओसिलो ठाउँमा राख्नसके वर्षभरि नै भण्डारण गर्न सकिने उहाँको भनाइ छ। अन्य प्रजातिका आलुको तुलनामा थारु आलुको उत्पादन केही कम भए पनि बजारमा बढी मूल्य पाइने भएकाले किसानका लागि आम्दानीका दृष्टिले फाइदाजनक रहेको उनले बताए। किसानका अनुसार थारु आलु प्रतिकिलो रु ४० सम्ममा बिक्री हुने गरेको छ। स्वादिलो भएकाले उपभोक्ताले पनि यसलाई रुचाउने गरेका छन्।

पर्याप्त प्रचारप्रसार र बजारीकरणको अभावमा थारु आलुले अपेक्षाअनुसार बजार पाउन सकेको छैन। यसको संरक्षण, व्यावसायिक खेती विस्तार तथा बजारीकरणका लागि स्थानीय र प्रदेश सरकारले आवश्यक व्यवस्था गर्नुपर्ने किसान अगुवा जगत चौधरीले बताए।

लुम्बिनीसहित ...

प्रतियोगिताका तीनवटै संस्करणमा सहभागिता जनाए पनि हालसम्म प्लेअफमा स्थान बनाउन नसकेको पोखराका लागि यो निरन्तरको निराशा हो। टोलीले आगामी संस्करणमा आफ्नो खेल रणनीति र समग्र प्रदर्शनमा सुधार गर्नुपर्ने देखिएको छ।

पहिलो संस्करणको उपाधि विजेता जनकपुर बोल्ट्सका लागि भने तेस्रो संस्करण सबैभन्दा निराशाजनक रह्यो। जनकपुरले सात खेलमध्ये दुईमा मात्र जित निकाल्दा पाँच खेलमा हार व्यहोऱ्यो। चार अङ्क जोडेको जनकपुर अङ्क तालिकाको अन्तिम अर्थात् आठौँ स्थानमा रह्यो।

पहिलो संस्करणको उपाधि जितेर एनपिएलमा आफ्नो बलियो पहिचान बनाएको जनकपुरले त्यसपछिका संस्करणमा भने अपेक्षित प्रदर्शन गर्न सकेको छैन। गत संस्करणमा पनि अङ्क तालिकाको पुछारमा रहेको जनकपुर यसपटक पनि सोही स्थानमा सीमित भयो। लगातार कमजोर नतिजाले टोलीको आगामी यात्रालाई थप चुनौतीपूर्ण बनाएको छ।

लिग चरण सकिएसँगै अब प्रतियोगिता उपाधिको निर्णायक मोडमा प्रवेश गरेको छ। चार टोलीबीच हुने प्लेअफ प्रतिस्पर्धाले यस संस्करणको विजेताको टुङ्गो लगाउनेछ। लिग चरणमा शीर्ष स्थान हासिल गरेको लुम्बिनी आफ्नो उपाधि रक्षा गर्ने लक्ष्यमा रहँदा सुदूरपश्चिम, काठमाण्डु र चितवन पनि पहिलोपटक उपाधि उचाल्ने योजनासहित मैदानमा उत्रनेछन्। रासस

जर्ज ...

'जर्ज मन्से अन्तर्राष्ट्रिय क्रिकेट र विभिन्न फ्रेन्चाइज लिगमा अनुभव बटुलेका आक्रामक ब्याटर हुन्। उनीसँग एनपीएलको पनि अनुभव छ। उनको आगमनले हाम्रो शीर्ष क्रमको ब्याटिङलाई थप मजबुत बनाउने विश्वास लिएका छौँ' खड्काले भने।

टोलीमा आबद्ध भएपछि मन्सेले सुदूरपश्चिम रोयल्सबाट खेल्न पाउँदा खुसी लागेको बताए।

'गत संस्करणमा नेपालमा खेलेको अनुभव निकै राम्रो थियो। यसपटक सुदूरपश्चिम रोयल्सको हिस्सा बन्न पाउँदा उत्साहित छु। टोलीसँग मिलेर राम्रो प्रदर्शन गर्ने र समर्थकलाई खुसी बनाउने लक्ष्य छ' मन्सेले भने।



आईडी कार्ड
मात्र
रू. १५०/-
सम्पर्क:
मो. ९८५८०४१२१०,९८५८०५२५४४
नेपालगञ्ज-२, धम्बोझी
प्रिन्ट नेप





समाचार र विचारको स्वतन्त्र संवाहक
kalpristhanews.com

जर्ज मन्से सुदूरपश्चिम रोयल्समा अनुबन्ध

कालपृष्ठ समाचारदाता

काठमाडौं, ३० कात्तिक



स्कटल्यान्डका आक्रामक ब्याटर जर्ज मन्से नेपाल प्रिमियर लिग (एनपीएल) को तेस्रो संस्करणका बाँकी खेलका लागि सुदूरपश्चिम रोयल्समा अनुबन्ध भएका छन्।

ओपनिङ ब्याटर मन्से स्कटल्यान्डका भरपर्दा सीमित ओभरका खेलाडी हुन्। उनले एकदिवसीय र टी-२० अन्तर्राष्ट्रियमा आक्रामक ब्याटिङका लागि पहिचान बनाएका छन्। सन् २०१८ मा इंग्ल्यान्डविरुद्ध स्कटल्यान्डको ऐतिहासिक पहिलो एकदिवसीय जितमा ५५ रन बनाउँदै उनी चर्चामा आएका थिए।

सन् २०१९ मा नेदरल्यान्ड्सविरुद्ध ५६ बलमा अविजित १२७ रन बनाउनु उनको टी-२० करिअरको उल्लेखनीय प्रदर्शन हो। उक्त खेलमा उनले काइल कोएत्जरसँग पहिलो विकेटका लागि २०० रनको साझेदारी गरेका थिए। स्कटल्यान्डले त्यस खेलमा २५२ रन बनाएको थियो, जुन टोलीको अहिलेसम्मकै उच्च टी-२० अन्तर्राष्ट्रिय योगफल हो।

त्यस्तै, सन् २०२५ मा नेदरल्यान्ड्सविरुद्ध १५० बलमा १९१ रन बनाउँदै मन्सेले एसोसिएट राष्ट्रका ब्याटरमध्ये एकदिवसीयमा सर्वाधिक व्यक्तिगत रनको कीर्तिमान बनाएका थिए। सन् २०२२ को टी-२० विश्वकपमा वेस्ट इन्डिजविरुद्ध अविजित ६६ रन बनाएका उनले सन् २०२६ को संस्करणमा इटालीविरुद्ध ८४ रन बनाउँदै टोलीको जितमा योगदान दिएका थिए।

मन्सेले स्कटल्यान्डका लागि ७९ एकदिवसीय र ८८ टी-२० अन्तर्राष्ट्रिय खेलेका छन्। एकदिवसीयमा उनले २ हजार ७७७ रन बनाउँदा तीन शतक र १९ अर्धशतक प्रहार गरेका छन्। टी-२० अन्तर्राष्ट्रियमा उनको नाममा २ हजार ५९८ रन छ। यस क्रममा उनले तीन शतक र १४ अर्धशतक बनाएका छन्।

समग्र टी-२० करिअरमा मन्सेले १३३ खेलबाट ३ हजार ६९८ रन बनाएका छन्।

सुदूरपश्चिम रोयल्सका प्रमुख कार्यकारी अधिकृत प्रकाश खड्काले मन्सेको अनुभव र आक्रामक ब्याटिङ क्षमताले टोलीलाई थप बलियो बनाउने विश्वास व्यक्त गरे।

बाँकी ३ पृष्ठमा

लुम्बिनीसहित चार टोली प्लेअफमा

कालपृष्ठ समाचारदाता

काठमाडौं, ३० कात्तिक

तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट प्रतियोगिताको लिग चरण सकिएको छ। आज सम्पन्न दुई खेलको नतिजासँगै प्रतियोगिताको पहिलो चरण पूरा भएको हो। लिग चरणका खेल सकिँदा चार टोलीले 'प्लेअफ'मा स्थान सुरक्षित गरेका छन् भने चार टोलीको उपाधि यात्रामा पूर्णविराम लागेको छ।

यसपटकको एनपिएलमा केही टोलीले सुरुआतदेखि नै सन्तुलित प्रदर्शन गर्दै आफूलाई उपाधि दाबेदारका रूपमा प्रस्तुत गरे। केही टोलीले भने अपेक्षाअनुसारको लय समात्न सकेनन्। 'ब्याटिङ' र 'बलिङ' दुवैमा प्रभावशाली देखिएका टोलीले लिग चरणमा आफ्नो वर्चस्व कायम गर्दा कमजोर प्रदर्शन गर्ने टोली भने प्रतियोगिताबाट बाहिरिएका छन्।

लिग चरणको प्रदर्शनका आधारमा सर्वाधिक सफल टोलीको सूचीमा लुम्बिनी लायन्स शीर्ष स्थानमा रह्यो। रोहितकुमार पौडेलको नेतृत्वमा रहेको लुम्बिनीले सात खेलमध्ये पाँचमा जित, एकमा हार तथा एक खेलमा वर्षाका कारण अङ्क बाँडेको थियो। यससँगै उसले सर्वाधिक ११ अङ्क जोड्दै अङ्क तालिकाको पहिलो स्थानमा रहेर लिग चरणको अन्त्य गऱ्यो।

गत संस्करणको उपाधि विजेता पनि रहेको लुम्बिनीले यसपटक पनि आफ्नो प्रभावशाली प्रदर्शनलाई निरन्तरता दिएको छ। टोलीले सुरुआतदेखि नै प्रतिस्पर्धात्मक खेल प्रस्तुत गर्दै आफूलाई उपाधि रक्षाको बलियो दाबेदारका रूपमा उभ्याएको छ।

कप्तान रोहितको नेतृत्वमा रहेको टोलीले ब्याटिङ र बलिङ दुवै पक्षमा सन्तुलन कायम राख्नु उसको सफलताको महत्त्वपूर्ण आधार बन्यो। अब लुम्बिनीको लक्ष्य प्लेअफमा



समेत यही लयलाई निरन्तरता दिँदै लगातार दोस्रोपटक उपाधि जित्ने हुनेछ।

लगातार दुई संस्करणको फाइनल खेलेको सुदूरपश्चिम रोयल्सले पनि यसपटक आफ्नो बलियो उपस्थिति कायम राखेको छ। दीपेन्द्र सिंह ऐरीको नेतृत्वमा रहेको सुदूरपश्चिमले सात खेलमध्ये पाँचमा जित र दुईमा हार व्यहोर्दै १० अङ्क जोड्यो। ऊ अङ्क तालिकाको दोस्रो स्थानमा रह्यो।

सुदूरपश्चिमका लागि यो सिजन पनि निरन्तरता कायम राख्ने अवसर बनेको छ। अघिल्ला दुई संस्करणमा फाइनलसम्मको यात्रा तय गरेको टोलीले यसपटक पनि प्लेअफमा स्थान सुरक्षित गर्दै उपाधि दौडलाई जीवित राखेको छ। लगातार तीन संस्करण प्लेअफमा पुग्ने पहिलो टोली बनेको सुदूरपश्चिम यसपटक विगतका दुई फाइनलको अनुभवलाई उपाधिमा बदल्ने लक्ष्यमा हुनेछ।

यस संस्करणमा काठमाण्डु गोर्खाजको प्रदर्शन पनि उल्लेखनीय रह्यो। करण केसीको नेतृत्वमा रहेको काठमाण्डुले सात खेलमध्ये चारमा जित र तीनमा हार व्यहोर्दै आठ अङ्क जोड्यो। ऊ अङ्क तालिकाको तेस्रो स्थानमा रहँदै प्लेअफमा पुग्न सफल भयो।

काठमाण्डुले लिग चरणमा केही बलिया टोलीलाई चुनौती दिँदै आफ्नो प्रतिस्पर्धात्मक क्षमता देखाएको छ। टोलीका लागि जित र हारबीचको उतारचढाव रहे पनि निर्णायक खेलमा प्राप्त नतिजाले प्लेअफको बाटो खुला गऱ्यो। लगातार दोस्रोपटक प्लेअफमा पुगेको काठमाण्डुले अब उपाधि यात्रालाई थप अघि बढाउन आफ्नो प्रदर्शनमा निरन्तरता दिनुपर्नेछ।

प्लेअफमा स्थान बनाउने चौथो टोली चितवन राइनोजका लागि भने लिग चरण मिश्रित रह्यो। चितवनले सात खेलमध्ये तीनमा जित र तीनमा हार व्यहोर्दा एक खेल वर्षाका कारण रद्द भएको थियो। यससँगै उसले सात अङ्क जोड्दै तालिकाको चौथो स्थान हासिल गऱ्यो।

लिग चरणमा चितवनले अपेक्षाकृत स्थिर प्रदर्शन गर्न नसके पनि आवश्यक खेलमा जित निकाल्दै प्लेअफमा पुग्न सफल भयो। जित र हारको समान संख्या तथा वर्षाका कारण बाँडिएको एक अङ्कले उसको यात्रा केही उतारचढावपूर्ण बनेको देखिन्छ। अब चितवनसामु लिग चरणका कमजोरी सुधार्दै नकआउट चरणमा थप प्रभावशाली प्रदर्शन गर्ने चुनौती छ।

गत संस्करणको लिग चरणमा दोस्रो स्थान हासिल गरेको विराटनगर किङ्सका लागि भने यसपटकको एनपिएल सुखद रहन सकेन। उसले सात खेलमध्ये तीनमा मात्र जित निकाल्दा चार खेलमा पराजय व्यहोऱ्यो। अघिल्लो संस्करणमा बलियो उपस्थिति जनाएको विराटनगर यसपटक भने शीर्ष चारमा पर्न असफल रह्यो।

लिग चरणमा टोलीले अपेक्षाअनुसारको निरन्तरता कायम राख्न नसक्दा उसको प्लेअफ यात्रा समाप्त भयो। अघिल्लो संस्करणको प्रदर्शनलाई आधार मान्दा यसपटक विराटनगरबाट थप राम्रो नतिजाको अपेक्षा गरिएको थियो। तर, प्रतिस्पर्धात्मक लिगमा साना कमजोरीको मूल्य उसलाई महँगो साबित भयो।

कर्णाली याक्सका लागि पनि एनपिएलको तेस्रो संस्करण उपलब्धिमूलक बन्न सकेन। उसले सात खेलमध्ये तीनमा जित र चारमा हार व्यहोर्दै अङ्क तालिकाको छैटौँ स्थानमा रहेर प्रतियोगिता टुङ्ग्यायो। केही खेलमा प्रतिस्पर्धात्मक प्रदर्शन गरे पनि त्यसलाई निरन्तर जितमा परिणत गर्न नसक्नु कर्णालीका लागि महँगो साबित भयो। फलस्वरूप टोलीले प्लेअफमा स्थान बनाउन सकेन।

पोखरा एभेन्जर्सको एनपिएल यात्रा पनि यसपटक निराशाजनक रह्यो। सात खेलमध्ये दुईमा मात्र जित निकाल्न सफल पोखराले पाँच खेलमा पराजय व्यहोऱ्यो। चार अङ्क जोडेको पोखरा अङ्क तालिकाको सातौँ स्थानमा रह्यो।

गत संस्करणमा पाँचौँ स्थान हासिल गरेको पोखराले यसपटक पनि आफ्नो प्रदर्शनमा अपेक्षित सुधार गर्न सकेन।

बाँकी ३ पृष्ठमा

दशौं राष्ट्रिय खेलकुद : सुदूरपश्चिमबाट ४८ खेलाडी छनोट

कालपृष्ठ समाचारदाता

महेन्द्रनगर, ३० कात्तिक

कर्णाली प्रदेशको सुर्खेतमा हुने दशौँ बृहत राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत सुदूरपश्चिम प्रदेशबाट सोमबार थप ४८ खेलाडी छनोट भएका छन्।

कञ्चनपुरको महेन्द्रनगरमा जारी विभिन्न आठ वटा खेलमा आज भएको खेलहरूमा फुलकन्ट्याक्ट कराते, आइटिएफ कराते, जुडो र सितोरियो कराटेका विभिन्न तौल समुहबाट ४८ खेलाडी सुदूरपश्चिमबाट छनोट भएका हुन्। शनिबार महेन्द्रनगरमा सम्पन्न कुस्ती खेलको प्रदेश स्तरीय छनोटबाट महिला र पुरुष गरी १८ खेलाडी छानिएका थिए।

महेन्द्रनगरमा भएको खेलमा करातेमा एकल र समुह कातातर्फको स्वर्ण बिजेता खेलाडीहरूले आसन्न दशौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा सुदूरपश्चिमको प्रतिनिधित्व गर्ने कराते प्रशिक्षक वीरेन्द्रबहादुर चन्दले जानकारी दिए।

"काता बाहेक फाइनल खेल सोमबार जारी रहने छन्", उनले भने, "सोमबार भएको खेलमा पुरुष एकल कातातर्फ कञ्चनपुरका नागेश थलाल, महिला एकल कातातर्फ कञ्चनपुरकै पार्वती पार्कीले स्वर्ण जित्दै दशौँ राष्ट्रियको यात्रा तय गरेका छन्।" त्यस्तै करातेतर्फ नै पुरुष समुह कातामा कैलाली र महिला समुह कातातर्फ कञ्चनपुरका खेलाडीले स्वर्ण जितेका छन्।

त्यसैगरी फुलकन्ट्याक्ट करातेतर्फ पनि सुदूरपश्चिमबाट १४ खेलाडी दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि छनोट भएको जिल्ला खेलकुद समिति कञ्चनपुरका अध्यक्ष ज्ञानेन्द्रबहादुर सिंहले जानकारी दिए।

फुलकन्ट्याक्ट कराँतेमा बभाङका ८, कञ्चनपुरका ५ र बाजुरा एक खेलाडी छनोट भएका जिल्ला खेलकुद समितिले जनाएको छ। यसैगरी जुडोतर्फ कैलालीका ४, कञ्चनपुरका २ र बैतडीका एक खेलाडी छनोट भएका छन्।

त्यसैगरी आइटिएफ करातेतर्फ २३ खेलाडी राष्ट्रिय प्रतियोगिताका लागि छनोट भएका छन्। जसमा कञ्चनपुरका १७, बैतडीका ५ र कैलालीका एक खेलाडी छनोट भएका अध्यक्ष सिंहले जानकारी दिए।

सुदूरपश्चिम प्रदेशको छनोट प्रतियोगिता शनिबारदेखि धनगढी र महेन्द्रनगर र डडेल्धुरामा एकसाथ भएको छ। जसमा कञ्चनपुरमा तेक्वान्दो, पुरुष र महिला कवड्डी, ह्याण्डबल, हक्की तेक्वान्दो लगायतका खेलहरूको छनोट पनि जारी रहेको छ।

कञ्चनपुरका भइरहेका छनोट खेलको संयोजकको जिम्मेवारी सुदूरपश्चिम प्रदेश खेलकुद परिषद्का सदस्य लिला सिंह बोहरालाई दिइएको छ। दशौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा सुदूरपश्चिमबाट ३० खेलका सात सय ४४ खेलाडी सहभागी हुने प्रदेश खेलकुद परिषद् धनगढीले जनाएको छ।



कालपृष्ठ दैनिकका लागि संस्थापक हेमन्त कर्माचार्य ९८५८०२१९५९, प्रकाशक/सम्पादक : कमल खत्री, कार्यालय: नेपालगन्ज-२, धम्बोझी, मो.नं.: ९८५११४८३६१, ९८५८०४१२१०, E-mail: kalpristha.news@gmail.com, kalpristha.marketing@gmail.com, मुद्रण: रंगशाला अफसेट प्रेस, नेपालगन्ज, बाँके।